**निर्णय नं. १:**

रत्ननगर नगरपालिका वडा नं. १६ स्थित तिलक बहादुर चोकदेखि पश्चिम मिश्रचोकसम्म बाटो कालोपत्रे योजना संचालनको लागि प्रदेश सरकारबाट २५,०००००/- र वडा स्तरबाट रु. ८,००,०००/- गरी जम्मा रु. ३३,००,०००/- (तेत्तीस लाख) को योजना संचालन गर्न माग भई आएकोमा उपभोक्ताबाट लागत सहभागिता वापतको रकम अनिवार्यरुपमा व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मेड्पा कार्यक्रम संचालनको लागि यस नगरपालिकाको गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम देहाय अनुसार **उद्यम विकास समिति गठन** गर्ने निर्णय गरियो ।

**तपसिल:**

संयोजक - नगर प्रमुख श्री नारायण वन
सदस्य - संयोजक, आर्थिक विकास समिति श्री गुप्तनाथ भट्टराई
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - कार्यपालिका सदस्य श्री निर्मला कुमारी खड्का
सदस्य - कार्यक्रम लागु भएको वडाको महिला सदस्य मध्येबाट श्री सुकुमाया बि.क. वडा नं. १२
सदस्य - लघु उद्यमी प्रतिनिधी
सदस्य - वित्तिय संस्था प्रतिनिधी
सदस्य सचिव - उद्योग वाणिज्य शाखा प्रमुख

**निर्णय नं. ३**

रत्ननगर १५ निवासी प्रेम बहादुर राना मगरलाई उपचारको लागि आर्थिक सहयोग रु. ५,०००/- (पाँच हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण गर्न वडा नं. ३, ४, ७, १०, १२ र १५ मा जग्गा उपलव्ध गराउने सम्बन्धमा वडाले खोजि गरी व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

विपद व्यवस्थापन समितिबाट आर्थिक सहायताको लागि सिफारिस भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल:**

क. वडा नं. १२ को श्यामकृष्ण ढकाललाई घर आगलागि क्षतिपूर्ति वापत रु. १०,०००/- (दश हजार) उपलव्ध गराउने ।
ख. वडा नं. ७ को कुन्ती चौधरीलाई स्तन क्यान्सर उपचारको लागि रकम रु. १५,०००/- (पन्ध्र हजार) उपलव्ध गराउने ।
ग. वडा नं. ५ को भुवानी कुलो बाढीलेक्षतिग्रस्त भई मर्मत सम्भार गर्दा लागेको रु. ९७,०००/- (सन्ताव्वे हजार)उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

रत्ननगर नगरपालिका वडा नं. २ मा पालिका स्तरिय कृषि उपज संकलन तथा विक्री केन्द्र निर्माणका लागि भूमि सुधार मन्त्रालय सहकारी बजार विकास कार्यक्रम (CMDP) संग भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

जिल्ला समन्वय समिति, चितवनको संचित मौज्दात कोषबाट विनियोजन भएका निम्न योजनामा यस नगरपालिका र जिससबाट संचालित विभिन्न योजनाहरुको लागि नगरपालिकाको तर्फबाट व्यहोरिने म्याचिङ्ग फण्डको शिर्षकमा विनियोजित रकम रु. १,२०,००,०००/- मध्ये लागत सहमागिता वापत व्यहोर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| क. बकुलहर रत्ननगर अस्पताल पूर्वाधार निर्माण | रु. ३३,६७,९३०/- |
| ख. वडा नं. १२ को वडा कार्यालय भवन पूर्वाधार निर्माण | रु. ६,६७०००/- |
| ग. वडा नं. ११ को वडा कार्यालय भवन पूर्वाधार निर्माण | रु. ६,००,०००/- |

**निर्णय नं.८:**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ बस्ने भक्त बहादुर कर्माचार्य समेत पुनरावेदक र यस रत्ननगर नगरपालिकाको कार्यालय समेत प्रत्यर्थी भई उच्च अदालत पाटन हेटौंडा ईजलासमा विचराधिन रहेको **०७६–DP–००१४९** को निषेधाज्ञा मुद्दामा उक्त मुद्दामा प्रत्यर्थी झिकाउने गरी भएको आदेश वमोजिम यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने सूचना म्याद मिति २०७७०७२५ मा तामेल भएको हुँदा मुद्धाको म्यादमा उपस्थित भई तारिख लिई पुर्पक्षमा रहन यसै कार्यालयका सहायक पाचौं तहका कर्मचारी श्री देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

दिपावली २०७७ तथा छठ पर्व व्यवस्थित रुपमा मनाउन देहाय वमोजिम गर्ने निर्णय गरियो ।

- कोभिड- १९ को महामारीको कारणले रोग फैलिन सक्ने भएकाले सामाजिक तथा भौतिक दुरी कायम राख्न र जमघट नगर्नका लागि सम्पूर्ण बजारवासीहरुमा हार्दिक अपिल गर्दछौं ।
- आफ्नो व्यवसाय बाटो वन्द हुने गरी नराखिदिनु होला ।
- जथाभावी टेण्ट नटाँग्नु होला ।
- पटका, आतिसवाजी तथा अन्य पटकाजन्य पदार्थ पट्काउने कार्य नगर्नुका साथै उल्लेखित सामानहरुको विक्री वितरण कार्य नगर्नु होला ।
- यातायात अवरुद्ध हुने गरी कारोवार नगर्नु होला ।
- सटर अगाडी जथाभावी आँगन कव्जा हुने गरी व्यापार व्यवसाय नगर्नु होला ।
- मेला, महोत्सव देउँसी भैलो लगायतका कार्यक्रमहरु संचालन नगर्नु होला ।